'समृद प्रदेश : खुशी जनता'

# कार्यालय स्थापनाको एक वर्ष : प्रयास र उपलब्धिहरु













प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय**
बर्दिया, नेपाल

## पृष्ठभूमि :

बर्दिया जिल्ला कृषि पशुपन्छी तथा मत्स्य क्षेत्रको प्रचुर संभावना बोकेको जिल्ला हो। संघियता लागु पश्चयात लुम्बिनि प्रदेश सरकार अन्तर्गत रहेको कृषि ज्ञान केन्द्र बार्केर भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र बार्कैबाट विगतका २ आर्थिक बर्षमा सेवा प्रबाह गर्दै आएकोमा लुम्बिनि प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मातहत नया संरचनाको रुपमा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय वि.स २०७७ साल श्रावण २१ गतेका दिन पूर्व माननिय मन्त्रि श्री आरती पौडेल ज्यूबाट विधिवत उद्घघाटन भई समग्र कृषि पशुपन्छी र मत्स्य क्षेत्रको विकास र प्राविधिक टेवा पुर्याउन स्थापना भएको हो।कृषकहरुको मागलाई सम्बोधन गर्दै कृषि पेशालाई सम्मानजनक पेशामा रुपान्तरण गरी समृद्धि हासिल गर्न यस कार्यालयका निम्न उद्देश्यहरु रहेका छन् ।

## उद्देश्यहरु:

- कृषि, पशुपन्छीतथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिसँगै बालीबस्तुहरुको मुल्य श्रृंखला अभिबृद्धि गर्ने र आयात प्रतिस्थापना गर्ने ।
- खाद्यतथा पोषण सुरक्षा र गरिबि निवारणमा टेवा पुर्याउने ।
- कृषि तथा पशुपन्छी क्षेत्रमा युवा पुस्तालाई आकर्षित गरी व्यवसायिकरण गर्ने ।
- लक्षित वर्गसम्म अनुदानको पहुँच पुर्याई अनुदान प्रणालिलाई पारदर्शी र नतिजामुखि बनाउने ।
- स्थानिय बाली/बस्तुको संरक्षण तथा प्रबर्धन गर्ने ।

## संगठनिक संरचना / जनशक्ति विवरण :

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दियामा संगठनिक रुपमा कृषि विकास शाखा,पशुपन्छी विकास शाखा, प्रशाशन शाखा रहेका छन्।कुल दरवन्दी संख्या ११ रहेकोमा दरबन्दी अनुसार जनशक्ति पदपुर्ति भएको र दुई जना कर्मचारी काजमा काम गर्दै आउनु भएको छ।

**एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाको संगठनात्मक संरचना**

**प्रमुख**
**नवौ/दशौ तह (कृषि/समूहकृत नहुने- १)**

| **कृषि विकास शाखा** | **पशुपन्छी विकास शाखा** | **प्रशासन शाखा** |
|---|---|---|
| अधिकृत सातौ/आठौ .<br><br>बागबानी/बाली सरक्षण /बालीबिकास /कृषि प्रसार /एगृ इको एण्ड मार्केटिग /कृषि/ - २<br><br>अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौ कृषि बागबानी/बाली सरक्षण /बालीबिकास /कृषि प्रसार /एगृ इको एण्ड मार्केटिग /कृषि/– १ | पशु चिकित्सक/पशु विकास अधिकृत/मत्स्यविकास अधिकृत ,अधिकृतस्तर सातौ/आठौ(कृषि/लापो डे डे/मत्स्य भेटेरिनरी - २<br><br>अधिकृतस्तर छैठौ/सहायकस्तर पाँचौ( कृषि/लापो डे डे/मत्स्य भेटेरिनरी-१ | अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौप्रशासन/सा प्र-१<br><br>अधिकृतस्तर छैठौ./सहायकस्तर पाँचौ (प्रशासन/लेखा.-१<br><br>हलुका सवारी चालक/कार्यालय सहयोगीइन्जि /प्र मे/सा प्र -२ |

## जनशक्ति विवरण

| सि.न. | कर्मचारीको नाम | पद | तह/श्रेणी | सेवा/समुह | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री विनोद घिमिरे | प्रमुख | रा.प.द्धितिय नवौ | कृषि/योजना | |
| २ | श्री राम बहादुर यादव | बाली विकास अधिकृत | रा.प.तृतिय/आठौं | कृषि/बाली | |
| ३ | श्री अनिल कुमार शर्मा | पशु चिकित्सक | रा.प.तृतिय/सातौ | कृषि/भेटेरिनरी | |
| ४ | श्री सन्तोष पाठक | बागबानी बिकास अधिकृत | रा.प.तृतिय/सातौ | कृषि/ बागबानी | |
| ५ | श्री सुजिता शर्मा | कृषि प्रसार अधिकृत | रा.प.तृतिय/सातौ | कृषि/ कृषि प्रसार | कामकाज |
| ६ | डा.सुमन खनाल | पशु विकास अधिकृत | रा.प.तृतिय/सातौ | कृषि/ला.पो.डे.डे | |
| ७ | श्री तीर्थ बहादुर खड्का | अघिकृत | अघिकृत स्तर छैठौ | कृषि/वागवानी | |
| ८ | श्री भोज बहादुर रावल | अघिकृत | अघिकृत स्तर छैठौ | कृषि/भेटेरिनरी | |
| ९ | श्री स्वस्तिशिला पौडेल | कर्जा सहजकर्ता | अघिकृत स्तर छैठौ | कृषि | |
| १० | श्री जगत चौधरी | लेखापाल | सहायकस्तर पाचौ | सा.प्रशासन/लेखा | |
| ११ | श्री नारायण प्रसाद पराजुली | ना.सु | सहायकस्तर पाचौ | सा.प्रशासन/प्रशासन | |
| १२ | श्री मनोज शर्मा | प्रा.स | सहायकस्तर पाचौ | कृषि/मत्स्य | कामकाज |
| १३ | श्री अमर बुढा | ह.स.चा | श्रेणिविहिन | इन्जि/सा.प्र | करार |
| १४ | श्री सनोज चौधरि | का.स | श्रेणिविहिन | सा.प्र/प्रशासन | करार |

## संचालित मुख्य मुख्य कार्यक्रमहरु :

| क.स | कार्यक्रमको नाम | क.स | कार्यक्रमको नाम |
|---|---|---|---|
| १ | स्मार्ट कृषि गाँउ कार्यक्रम | १३ | कृषि पशु पढेका युवालाई उद्यमशीलता अनुदान |
| २ | बंगुर मिसन कार्यक्रम | १४ | पोषण सुधार कार्यक्रम |
| ३ | लसुन प्याज मिसन कार्यक्रम | १५ | भोलागौडी-ओरालीबजार दुध उत्पादन कार्यक्रम |
| ४ | आलु मिसन कार्यक्रम | १६ | रैथाने बालिको बजार प्रबर्द्धन कार्यक्रम |
| ५ | अभियानमुखि मकै/साईलेज/दाना उत्पादन मिसन कार्यक्रम | १७ | ब्लक विकास कार्यक्रम |
| ६ | करार खेती कार्यक्रम | १८ | सघनबाली विकास कार्यक्रम |
| ७ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | १९ | मत्स्य बीज हयाचरी निर्माण कार्यक्रम |
| ८ | समुदायको व्यवस्थापमा संचालित बंगुरस्रोत केन्द्र स्थापना | २० | KISAN II संगको सहकार्यमा धान उत्पादन प्रबर्द्धन कार्यक्रम |
| ९ | सामुदायिक बिउ बैंक/भण्डार गृह/ नश्ल संरक्षण केन्द्र | २१ | सामाजिक परिचालनका लागि संघ सस्थासँगको सहकार्यमा कार्यक्रम |
| १० | बायोग्यास सहित भकारो सुधार कार्यक्रम | २२ | समस्यामा आधारित अध्ययन/अनुसन्धान/प्रदर्शन/परिक्षण कार्यक्रम |
| ११ | बाखाको मल्टिप्लाएर तथा विड्रर हर्ड स्थापना | २३ | शुलभ कर्जा सहजिकरण तथा ब्याज अनुदान कार्यक्रम |
| १२ | खोरेत रोग उन्मूलन अभियान | २४ | हरित स्वयंसेवक परिचालन कार्यक्रम |

## प्रगति सारांश

| | |
|---|---|
| वार्षिक विनियोजित बजेट | १६४५५९ (रु हजारमा) |
| अन्तिम कायम बार्षिक बजेट | १४१६४४ (रु हजारमा) |
| वित्तिय प्रगति (%) | ६७.५६ |
| भारित प्रगति (%) | ८५.५० |

## आ ब २०७७/७८ मा संचालित बार्षिक कार्यक्रमहरुको मूख्य उपलब्धि सारांश :

यसै आ.ब.बाट कार्यालय स्थापना तथा संचालन गरी भेटेरीनरी अस्पताल, भेटेरीनरी प्रयोगशाला, सर्जरी वार्डतथा कृषक सहयोगी कक्ष मार्फत सेवा सुचारु भएको छ।

- स्मार्ट कृषि गाउँ कार्यक्रमतर्फ मकै, आलु, बाख्रा र बंगुरको मूल्य श्रृंखला विकासमा जिल्ला अब्बल बन्दै दिगो ब्यवसायिक उत्पादन शुरु भएको छ।७० हे. क्षेत्रफलमा बीजबृद्धि कार्यक्रम, ८ वटा पशुका नश्ल सुधार केन्द्र,१६८ वटा बंगुर र बाख्राका खोर निर्माण, २ वटा घांसको स्रोत केन्द्र, ३वटा दाना उद्योग र २ वटा सुधारिएको मासु पसल स्थापना भएका छन।
- जिल्लामा मकै र बंगुर मिसन कार्यक्रम सफल रहेको छ।बंगुर स्रोत केन्द्र, बंगुर मिसन र बंगुर स्मार्ट गांउ केन्द्रित रहेको बारबर्दिया र बांसगढि क्षेत्र बंगुरको हबको रुपमा विकसित हुदैछ। यस बर्ष १५ हे आलु, ३३ हे. लसुन/प्याज, ५० हे. मकैको क्षेत्र बिस्तार सँगै उत्पादनमा बृद्धि भएको छ ।साथै बँगुर मिसन कार्यक्रमबाट बारबर्दिया न.पा का २७ फर्म लाभान्वित भएका छन जसबाट बार्षिक ३१२ मे.ट वंगुरको मासु, १५०० वटा उन्नत नश्लका पाठापाठी उत्पादन तथा बिक्रिगरी स्वरोजगार श्रृजना हुने अपेक्षा गरिएको छ।
- बायो ग्यास सहितको भकारो सुधार कार्यक्रमबाट यादव समूदायको २५ घरधुरीमा परिवर्तनको संकेत देखिएको छ।कार्यक्रम प्रति समुदायको माग बढेकोले अन्य ९ गांउको समेत अध्ययन गरिसकिएको छ।
- एक जिल्ला; एक स्रोत केन्द्रको नीति अनुसार बासँगढी न पा ९ मा समुदायको व्यवस्थापनमा बंगुर श्रोत केन्द्र स्थापना भएकोमा २ वटा आधुनिक स्तरका नमुना खोर, ३ वटा चारकोठे खोर,९ वटा तीनकोठे खोर निर्माण र २ नश्ल सुधार केन्द्र स्थापना भएकोमा ५५० बंगुरबाट बार्षिक ८००० विक्रियोग्य उन्नत पाठापाठी उत्पादन हुने अपेक्षा छ।
- करार खेती कार्यक्रममा लक्ष्य अनुसार ६० हे. मा कार्यक्रम संचालन भएकोमा खाद्यान्न बालीमा संलग्न कृषक क्रमश: बीउ उत्पादनतर्फ आकर्षित भएका छन। कार्यक्रमबाट खाद्यान्न बालीसंगै १ घाँसेबाली स्रोतकेन्द्र, ३ हे. मा केरा खेती, २.५ हे. कागति खेती विस्तारर ३ हे. मा तरकारी खेती विस्तार भएको छ।
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत पशु तर्फ ७ वटा र कृषि तर्फ ३ वटा गरी १० सहकारीका १४१५ कृषकहरु प्रत्यक्ष लाभान्वित भएका छन।
- बढैयाताल ५, जगतियामा मत्स्य हयाचरी फर्म स्थापना भएको छ जसबाट बार्षिक २ करोड भुरा उत्पादन हुने अपेक्षा गरिएको छ।
- भोलागौडी-ओरालीबजार दुध उत्पादन कार्यक्रमबाट १०० घरधुरीमा भकारो सुधार, यन्त्र उपकरण, पोषण तथा पशु स्वास्थ सुधारका कार्यक्रमबाट दुध उत्पादनमा बृद्धि हुने अपेक्षा रहेकोछ।
- बजारमुखी धान प्रबर्धन कार्यक्रम अन्तर्गत ७० हे क्षेत्रफलमा मसिना धान उत्पादनमा सहयोग पुगेको छ।
- ब्लक विकास कार्यक्रम तर्फ गुलरिया र बारबर्दियामा धान र बांसगढीमा भैंसीको गरी ३ वटा ब्लक संचालनमा आएका छन। धान ब्लक तर्फ ३१० हे मा आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन, शुन्य खनजोत प्रविधिको प्रदर्शनर थप १२० हे. मा सिंचित क्षेत्रफल विस्तार र भैसी ब्लक अन्तर्गत २०५ भकारो सुधार,१ दाना मिल स्थापना, ३ नश्ल सुधार केन्द्र, २३४ दुध दुहुने बाल्टि बितरण, १ डेरी पसल

स्तरोन्नती, १ साईलोपिट निर्माण, १२ प्रेसर क्लिनर, ४० काउ म्याट, ३ ट्रेभिज निर्माण कार्य सम्पन्न भएको छ।

- ❖ कार्यक्रमको माध्यमबाट प्राय सबै बालीबस्तुका संजालहरुलाई औपचारिक बनाईएको छ।कृषि कार्यक्रममा समन्वयात्मक भूमिका खेल्न संघीय निकाय, स्थानीय तह र कृषिमा कार्य गर्ने गैर सरकारी संस्थाहरुसंग राम्रो सम्बन्ध स्थापित भई निश्चित समयसिमामा बैठक बस्ने प्रणालीको विकास गरिएको छ।
- ❖ यस वर्ष स्थानीय थारु आलुको बजारीकरणमा केही सफलता मिलेसंगै बर्दियाको घ्यूपूरी धान र खैरापुर खुर्सानीको जातिय परिक्षणका लागी नार्क पठाईएको छ।
- ❖ यस वर्ष १२८ जना व्यवसायिक कृषकहरुलाई शुलभ कर्जाका लागि सहजीकरण र २१.५ करोड बराबरको प्रस्तावना तयारगरिएको छ ।
- ❖ थारु तथा सोनाहा सिमान्तकृत जातका ६० घरधुरीमा पोषण सुधारका लागि ग्रामीण कुखुरा पालन कार्यक्रमबाट खोर निर्माणसंगै रोजगारी श्रृजना र पोषण सुधार हुने अपेक्षा छ।
- ❖ मधुवन न.पा र बासगढीँ न.पा का ५१ घरधुरीमा बाख्राको मल्टिप्लायर हर्ड स्थापना भएको छ।यसबाट बार्षिक २२०० वटा शुद्ध/बर्णशङ्कर नश्लका पाठापाठी उत्पादन हुने अनुमान छ।
- ❖ आ.व २०७७/०७८ मा कार्यालयबाट संचालन भएका अनुदान तथा प्राविधिक सेवा सम्बन्धि कार्यक्रमहरुबाट ५,४११ घरधुरीका २२,९०० कृषक प्रत्यक्ष लाभान्वित भएका छन।
- ❖ जिल्लामा खोरेत रोग उन्मूलन अभियान प्रारम्भ गरी भ्याक्सिनेटर मार्फत ७६९५० पशुमा खोप लगाईएको छ।भेटेरिनरी अस्पतालबाट प्रवाह गरिएको सेवा अन्तर्गत प्रयोगशाला सेवा तर्फ ६८८ वटा नमुना परिक्षण, डोर टु डोर कार्यक्रमतर्फ १२५३ पशु उपचार, ५२६३ पशुमा कृत्रिम गर्भाधान,२ लाख ५१ हजार पशुमा रोग नियन्त्रण (खोप) सेवा र १७२९ पशु उपचार सेवा प्रदान गरिएको छ।
- ❖ ४४ जना हरित स्वेमसेवक परिचालन गरी फार्म विकास र वडा स्तरमा कृषकलाई सुचना तथा सेवा प्रदान गर्ने कार्यको शुरुवाद गरिएको छ।
- ❖ अनुदान वितरण प्रणालीलाई पारदर्शी र विश्वसनिय बनाउन आवश्यक पहलकदमी लिइएको छ। अनुदान कार्यक्रमबाट कृषकहरुमा पुग्ने उत्प्रेरणा र नियमित अनुगमन र पृष्ठपोषणबाट कार्यक्रमको प्रभावकारितामा विशेष ध्यान दिइएको छ।








धोविया स्मार्ट कृषि गाउँ, बारबर्दिया (मकै/तरकारी)
✓ कार्यक्रमबाट ९ थान रिपर, १५ थान स्प्रेयर, ९ थान पावरटिलर, १९ थान पम्पसेट, ३ बटा बोरिङ्ग जडान र १ थान रोटाभेटर खरिद गरी यान्त्रीकरणमा सहयोग
✓ पहिलो पटक ३० बिघामा मकैको व्यवसायिक उत्पादन गरी रु करिब १७ लाख बराबरको कारोबार।
✓ कृषि सुचना केन्द्र स्थापना
✓ मकैमा जातिय प्रदर्शन सम्पन्न


स्मार्ट कृषि गाउँ, बढैयाताल (आलु)
✓ १५००० पूर्व मुल बीउ खरिद गरी १२५ क्वीन्टल बीउ आलु उत्पादन
✓ १५ टन क्षमताको गोदाम
✓ घर निर्माण सम्पन्न
✓ बीउ आलु उत्पादनको विशेष क्षेत्र


सतहरिया स्मार्ट कृषि गाउँ,बाँसगढी
कृषि सुचना केन्द्र
समुदायस्तरमा ५० वटा बंगुर खोर निर्माण
दाना मिल
हरेक घरधुरीमा पहिचान बोर्ड
बंगुरनश्ल सुधार


स्मार्ट कृषि गाउँ, गुलरिया
गरिवि निवारणका लागी ५ बंगुर र१० बाख्रा खोर निर्माण
मलमुत्र व्यवस्थापनका लागी १० भकारो सुधार
१ हे मा मकै र २० हे मा धान बीउ उत्पादनको शुरुवाद


REDMI NOTE 9
AI QUAD CAMERA


द.नं. २१०/(१८) ०६४/०६५
पान: ३०५६५३०८०
ठाकुरबाबा
बहुउद्देश्यीय सहकारी संस्था लि.
ठाकुरबाबा न.पा.-९, ठाकुरद्वारा, बर्दिया
फोन: ०८४-४०२०२२, मो.नं.: ९८४१८२८३०५
बर्दिया स्थानीय थारु आलु
उत्पादन वर्ष:
स्थान:
तौल:
मुल्य रु.
प्याकिङ मिति:


ठाकुरबाबा
REDMI NOTE 9
AI QUAD CAMERA

# भैसी ब्लक विकास कार्यक्रम, बासगढी-३,४,५र८



सामान हस्तान्तरण कार्यक्रम



५० वटा मिल्क क्यान, १ मिल्क एनालाईजर



३ वटा नमुना गोठ निर्माण



७३ बिधुतिय, १२ हाते च्यापकटर बितरण



३ नश्ल सुधार केन्द्र स्थापना



१ घासको श्रोत केन्द्र स्थापना

एचोपैंचो कृषि सहकारी संस्था, बासँगढी न पा-३,४,५,र ८ १ दाना मिल स्थापना, २०५ भकारो सुधार, २३४ दुध दुहुने बाल्टि वितरण, १ डेरी पसल स्तरोन्नती, १ साईलोपिट निर्माण, १२ प्रेसर क्लिनर, ४० काउ म्याट, ३ टेभिज निर्माण आदि।

# स्मार्ट कृषि गाउँ कार्यक्रम, ठाकुरबाबा (बाख्रा)



एजोला खेती प्रदर्शन



दाना उधोग स्थापना



घाँसको श्रोत केन्द्र स्थापना



५० खोर सुधार, १नमुना खोर निर्माण



२ वटा नश्ल सुधार केन्द्र स्थापना



सुधारिएको मासु पसल स्थापना




| जातियपरिक्षण म्ट/हक्टर | | | | मलखाद परिक्षण मे.ट/हेक्टर | | |
|---|---|---|---|---|---|---|
| राजकुमर हाईब्रि | कन्चन हाईब्रिड | जिङ्क्यु त्त हाईब्रिड | रामपुर हाईब्रिड १० | प्लट१ Recommended dose of NPK | प्लट२ Briquette urea | प्लट३ Farmer practice |
| ७.६ | ६.०१ | ६.८१ | ८.२६ | ७.१४ | ८.२० | ७.२१ |

## आ ब २०७७/७८ मा भए गरिएका अनुकरणीय कृयाकलापहरु

| क्र सं | कार्यक्रम तथा कृयाकलापहरु | उपलब्धी | सिकाई |
|---|---|---|---|
| १ | कृषक सहयोगी कक्ष स्थापना तथा सहजिकरण | ५५२ कृषकलाई प्रत्यक्ष सेवा कृषकहरुको कार्यालयसंग सहज पहुचमाबृद्धि भएको। कृषकमाझ सकरात्मक सन्देश प्रवाह भएको। | संघ संस्थाहरुको परिचालन गरि कृषि सेवा विस्तार |
| २ | आधुनिक कृषि प्रविधि प्रदर्शनी | कर्मचारीको प्राविधिक क्षमता विकास, अध्ययन र कृषकका लागि प्रदर्शनी | नयाँ प्रविधीको विस्तार तथा अनुशरण |
| ३ | प्रयोगशाला सेवा तथा सर्जिकल वार्डको स्थापना | पशु रोगको निदान तथा विशिष्टिकृत सेवा शुरु भएको | कार्यालयको क्षमता विकास |
| ४ | रैथाने बालीको प्रवर्द्धन | स्थानीय आलुको बढ्दो माग | अनुसन्धान रविकास संगै संगै लैजानुपर्ने |
| ५ | कृषकहरुलाई लेखा व्यवस्थापन तालिम | कार्यक्रम संचालनमा हुने जटिलता न्युनिकरण | कृषकहरुमा कार्यक्रमप्रती उत्सुकता, कार्यसम्पादनमा सहजता |
| ६ | Bulk smsसेवा संचालन | जिल्ला स्थित कार्यालय, कृषि संजाल जनप्रतिनिधि र वडा सम्म smsप्रवाह | सुचना बाहेकको हकमा Routine based प्राविधिक सन्देश प्रवाह |






## कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतिहरु

यस कार्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा देखिएका चुनौतिहरु निम्न अनुसार रहेका छन् ।

- पहिलो बर्ष भएकाले कार्यालय व्यवस्थापनमा कठिनाई भएको।
- कृषि तथ्याङ्क अध्यावधिक गर्न कठिन।
- कार्यक्रमको तुलनामा जनशक्ति दरबन्दी न्यून हुंदा प्राविधिक सेवा प्रवाहमा कठिनाई।
- विश्वब्यापी फैलिएको कोभिड र त्यसबाट सृजित परिस्थिति।

## भावी कार्यक्रम तथा कार्यदिशा

यस कार्यालयको भावी कार्यक्रम तथा कार्यदिशानिम्न अनुसार रहेका छन् ।

- एक स्थानिय तहमा एक कृषि/पशु स्रोत केन्द्र तथा नश्ल सुधार केन्द्र स्थापना गरी खोज अनुसन्धान,उत्पादन तथा प्रसार कार्यक्रमलाई एकिकृत रुपमा अगाडि लैजाने।
- श्रोत केन्द्रहरुको प्रभावकारी कार्यन्वयन मार्फत कृषकलाई बीउ र शुद्ध नश्लको सहज पहुँचमा विस्तार गर्ने। जिल्लालाई वीउ तथा नश्लमा आत्मनिर्भर तर्फ अग्रसर गराउने। कृषि अनुसन्धानलाई क्रमश: जोड्दै लैजाने।
- कृषि प्रसार सेवालाई मजबुत बनाउन स्थानिय तहको प्राविधिकको क्षमता विकास र कार्य सहजीकरण एथेष्ट समन्वय गर्ने। भेटेरिनरी अस्पताल, प्रयोगशाला सेवा र बाली संरक्षण सेवालाई सबल सक्षम ,गुणस्तरिय र छिटो छरितो बनाउने। सेवालाई थप बिशिष्टिकृत गराउदै आकाष्मिक सेवा प्रदान गर्ने ।
- कृषि, पशुपन्छीतथा मत्स्य क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिसँगै बजारिकरणमा पहुँच विस्तार गर्न मुल्य श्रृंखलाको अवधारणामा कार्य गर्ने। स्मार्ट कृषि गाउँ र मिसन कार्यक्रम मार्फत व्यवसायिकरणमा जोड दिने।
- प्रतिफलमा आधारित अनुदान कार्यक्रमलाई विस्तार गरि बढि भन्दा बढि किसानको पहुँचमा पुर्याई लगानि सुनिश्चिता गर्ने। कृषि/ पशुजन्य उत्पादन क्षेत्रमा यान्त्रिकिकरण, पूर्वधार, प्रविधि र बजार विकासलाई जोड दिने ।
- स्थानीयस्तरमा कृषि तथा पशुजन्य उद्योग र शीत भण्डार संचालनमा टेवा पुर्याउने।
- मागमा आधारित कार्यक्रम मार्फत साना किसानहरुको समस्या हल गर्ने। समूदाय विशेष कार्यक्रम संचालन गरी आयआर्जन बृद्धि हुने कार्यमा समूदायलाई अग्रसर बनाउने।
- भुगोल वा क्षेत्र अनुसार उपलब्ध स्थानिय/लोप्नमुख बाली/बस्तुको संरक्षण साथै प्रबर्द्धन गर्ने ।
- रोजगारीका अवसरहरु श्रृजना गरी कृषि पेशालाई सम्मानित र मर्यादित पेशाको रुपामा स्थापित गराउने ।

**अन्त्यमा,**

कार्यालयले कृषि पशुपन्छी तथा मत्स्य क्षेत्रको रुपान्तरण मार्फत आर्थिक समृद्धि हासिल गर्न प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्वीकृत कानुन, कार्यविधिलाई आधार वनाएर कृषिका चुनौती र कृषकका समस्याहरुको समाधानका लागी एकिकृत ढंगबाट आयोजनागत रुपमा कार्यक्रमहरु संचालनमा ल्याउने छ। कार्यालय स्थापनाकाबर्षमा भोगेका विभिन्न समस्याहरुको समाधान गर्दै हालको संरचना र जनशक्ति तथा उपलब्ध स्रोत साधनलाई बढि भन्दा बढि परिचालन साथै विषयगत संघिय सरकारको कार्यालय र स्थानीय तहहरु र जिल्लास्थित कार्यालयहरुसंग प्रयाप्त समन्वयगरी ठोस नीति अनुसार कार्यालय अगाडि बढने छ। आगामी दिनमा समेत सुझाव, सल्लाह र सहजिकरणका लागी सबै पक्षसंग कार्यालयले अपेक्षा राखेको छ।






प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय
बर्दिया


आधुनिक प्रविधि प्रदर्शन(कार्यालय परिसर)
भुई तथा डालेघास उत्पादन ब्लक
फलफूल ब्लक
मत्स्य ब्लक
ग्रामिण कुखुरा खोर निर्माण
बाखा खोर निर्माण
सेमी हाईटेक नर्सरी









**बायोग्यास सहितको भकारो सुधार कार्यक्रम, गुलरिया न.पा १**




आ.ब. २०७७।७८ मा उत्कृष्ट कार्य सम्पादन गर्ने कार्यालयको रुपमा लुम्बिनी प्रदेश, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, पशुपंछी तथा मत्स्य विकास निर्देशनालयबाट बाट सम्मानित

## थप जानकारीका लागि

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दिया

टोल फ्रि नं. : १६६०८४४२००७

इमेल : ialdo.bardiya@gmail.com

सम्पर्क नं. : ०८४-४२१२०७

वेभसाइट : ialdobardiya.lumbini.gov.np